# सिद्धार्थनगर नगरपालिका

# स्थानीय राजपत्र

**खण्ड ४ संख्या : १४ मितिः आषाढ १८ गते, २०७८**


## भाग - १

## सिद्धार्थनगर नगरपालिकाको विनियोजन ऐन, २०७८

**सिद्धार्थनगर नगरपालिकाको आर्थिक बर्ष २०७८/२०७९ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७८**

**प्रस्तावनाः** सिद्धार्थनगर नगरपालिकाको आर्थिक बर्ष २०७८।०७९ को सुशासन, सामाजिक विकास, आर्थिक विकास, वातावरण तथा विपद् व्यवस्थापन, पूर्वाधार विकास समेतका लागि सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम सिद्धार्थनगर नगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ ।

१.**संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "सिद्धार्थनगर नगरपालिकाको विनियोजन ऐन, २०७८" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. आर्थिक वर्ष २०७८।०७९ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः (१) आर्थिक वर्ष २०७८।७९ को निमित्त नगर कार्यपालिका, वडा समिति, स्वास्थ्य संस्था, विषयगत शाखाले गर्ने

सेवा प्रवाह र अन्य विकास सम्बन्धी कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु १ अर्ब १८ करोड ७९ लाख मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चितकोषबाट खर्च गर्न सकिनेछ ।

३. **विनियोजन :** **(१)** यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७८।०७९ को निमित्त सिद्धार्थनगर नगरपालिकाको नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगर कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षक तर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा नगर सभाको स्वीकृति लिनु पर्नेछ ।

(४) सम्वत् २०७८ साल बैशाख १६ गतेदेखि कोरोना भाइरस (कोभिड १९) दोस्रो लहरले गर्दा देशव्यापी रुपमा गरिएको बन्दाबन्दी निषेधाज्ञाका कारण आ.ब. २०७७।७८ मा संचालित योजनाहरुको निर्माण कार्य प्रभावित भएकोले बन्दाबन्दी निषेधाज्ञा अवधिमा सम्झौता भएका वा लकडाउन अवधि भित्र सम्पन्न गर्ने गरी सम्झौता भएका तर २०७८ असार भित्र सम्पन्न हुन नसक्ने योजनाहरुलाई आ.ब. २०७८।७९ का लागि क्रमागत योजनाको रुपमा राखि म्याद थप गरी संचालन गरिनेछ । क्रमागतमा राखिने उक्त योजनाहरुको लागि क्रमागत कार्यक्रमका लागि विनियोजन गरिएको रकम वा सो रकमले भुक्तानी गर्न अपुग भएमा २०७७।७८ मा बचत भइ अल्या भइ आम्दानि बाधिएको रकमबाट भुक्तानी गरिनेछ । संघीय सरकार वा प्रदेश सरकार वा अन्य निकाय, सरकारबाट प्राप्त कार्यक्रमहरुको क्रमागतमा राखिएकोमा सम्बन्धित सरकारबाट रकम प्राप्त भएमा सोही रकम र प्राप्त नभएमा विनियोजन ऐनमा क्रमागतमा छुट्याइएको रकम वा सो रकम अपुग भएमा अल्याबाट आम्दानी बाधिएको रकमबाट भुक्तानी गरिनेछ । योजनाको

भुक्तानीका क्रममा क्रमागत योजनाका लागि रकम अपर्याप्त भएमा नगरस्तरीय योजनाको बोलपत्र आह्वान गर्दा बचत भएको रकमबाट भुक्तानी गर्न सकिनेछ ।

(५) नगरसभाबाट स्वीकृत कार्यक्रममा विनियोजित रकम मध्ये कुनै कार्यक्रममा रकमको थप विभाजन गर्नुपर्ने भएमा नगर कार्यपालिका कार्यालयले आवश्यकता र औचित्यताका आधारमा मात्र थप विभाजन गरी सोही बमोजिम कार्यान्वयन गर्नेछ ।

(६) योजनाहरुको बोलपत्र आह्वान गर्दा रकम बचत भएमा लागत सहभागिताको लागि विनियोजित रकम (७५/२५) र कार्यपालिकाबाट निर्णय गरी तोकिएका अन्य प्राथमिकता प्राप्त योजनामा खर्च गर्न सकिनेछ ।

(७) नगरसभाबाट पारित आ.ब. २०७८।७९ को बार्षिक बजेट तथा कार्यक्रम विनियोजन ऐनको अंग हुनेछ ।

अनुसूचि-१
(दफा २ संग सम्बन्धित)
नेपालको संविधानको धारा २२९ (२) बमोजिम
संञ्चित कोषबाट विनियोजन हुने रकम

| क.सं. | क्षेत्र | नगरपालिकाको कुल बजेट |
|---|---|---|
| १ | सुशासन | १ अर्ब १८ करोड ७९ लाख |
| २ | सामाजिक विकास | |
| ३ | आर्थिक विकास | |
| ४ | वातावरण तथा विपद व्यवस्थापन | |
| ५ | पूर्वाधार विकास | |

आज्ञाले:

तुल्सीराम मरासिनी
प्रमुख प्रशासकीय अधिकृत